# मिति २०८३।०२।२२ गतेको एघारौं कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. सामाजिक विकास समितिबाट आ.व. २०८३।८४ का लागि पेश भएको निती तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन उपर छलफल गरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. सुशासन तथा संस्थागत विकास समितिबाट आ.व. २०८३।८४ का लागि पेश भएको निती तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन उपर छलफल गरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३. आर्थिक विकास समितिबाट आ.व. २०८३।८४ का लागि पेश भएको निती तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन उपर छलफल गरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. पूर्वाधार विकास समितिबाट आ.व. २०८३।८४ का लागि पेश भएको निती तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन उपर छलफल गरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

५. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट आ.व. २०८३।८४ का लागि पेश भएको निती तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन उपर छलफल गरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

६. चन्द्रोदय आधारभूत विद्यालय, इ.न.पा. ५ को जिर्ण शौचालय भत्काउन अनुमती प्रदान गर्ने ।

७. इलाम नगरपालिका राजश्व परामर्श समितिको मिति २०८३।०२।२१ को बैठकबाट पेश भएको परामर्श तथा सिफारिसहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

८. विद्यालय अनुगमन प्रतिवेदन सम्बन्धमा आफ्नो वडा क्षेत्र भित्रका विद्यालयहरुको विद्यार्थी संख्याको अनुगमन गरि वडा कार्यालयले जेष्ठ मसान्त भित्रमा उपलब्ध गराउने ।

९. इलाम नगरपालिका वडा नं. १० गोदक स्थित स्वागत गेट निर्माण सम्वन्धी दरभाउपत्र रद्द गर्ने निर्णय गरियो।

१०.सडक डिभिजन कार्यालय इलामबाट मिति २०८३/०२/१३ मा मेची राजमार्गको दायाँबायाँ १५ मिटर भित्र पर्ने संरचनाहरु हटाउन ३५ दिने सूचना जारी भएकोमा सो का कारण इलाम नगरपालिका क्षेत्रभित्रका मेची राजमार्गको उक्त क्षेत्रमा विगतमानै घर संरचना निर्माण गरि बसोबास गरिरहेका नगरबासीहरुको जनजिवनमा पर्ने प्रतिकुल प्रभाव प्रति नगरपालिकाको ध्यानाकर्षण भएको छ । मेची राजमार्गको दायाँबायाँ क्षेत्रमा घर संरचना निर्माणमा रोक लगाउने वा हटाउने सम्वन्धमा विगतमा नेपाल सरकारबाट भएको कमजोर नियमनका कारण समेत विगत लामो समय देखि मेची राजमार्गको दायाँबायाँ क्षेत्रमा घर निर्माण गरि बसोबास तथा व्यापार व्यवसाय गर्दै आएका उक्त घर धनिहरुलाइ हाल अकस्मात ३५ दिनको अत्यन्त छोटो समयमा घर संरचना हटाउन जारी गरिएको सूचनाले जनजिवन आतंकित भएको अवस्था रहेको छ । साथै यस क्षेत्रको भौगोलिक अवस्था, सवारी साधनहरुको चाप, यस क्षेत्रको विपद संवेदनशील अवस्था लगायतका दृष्टिकोणले पनि मेची राजमार्गको यस क्षेत्रमा तत्काल ३० मिटर चौडाइको सडक निर्माण गर्नु पर्ने आवश्यकता समेत नरहेको हुँदा बर्षौं देखि बसोबास गरि आएका नगरवासीहरुलाइ तुरुन्तै घरवार विहिन बनाउने गरि जारी भएको सूचनालाइ स्थगन गर्नुका साथै यस क्षेत्रको भौगोलिक, भौगर्भिक तथा धरातलीय विशिष्ट अवस्था र आवश्यकतालाइ मध्येनजर गरि मेची राजमार्गको दायाँ बायाँ १५ मिटरको मापदण्डको सम्वन्धमा पूनर्विचार गरि संसोधन गर्न नेपाल सरकारलाइ अनुरोध गर्ने निर्णय गरियो ।

११. इलाम नगरपालिका, वडा नं. ४ स्थित साझा सुविधा केन्द्र संचालनका लागि सूचना प्रकाशन गर्ने ।

१२. उप-प्रमुखबाट पेश भएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरियो। प्रतिवेदनमा औंल्याइएका देहायका सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७२

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत